# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या १० | २०७७ पौष ५ गते | बिक्री मुल्य रु. ०।००

## भाग ३

### स्थानीय सरकार

## विदुर नगरपालिका

### विदुर, नुवाकोट

### बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०९।०३*

# विदुर नगरखेलकुद सम्बन्धी कार्यविधि, २०७७

# विदुर नगरपालिका खेलकुद सम्बन्धी कार्यविधि, २०७७

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी विदुर नगर कार्यपालिकाको वैठकवाट पारित भएको तल लेखिए वमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।

**प्रस्तावनाः**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन कायम राख्न, स्वस्थ नागरिक तयार गर्न, बस्ती (समाज) सफा राख्न, धुम्रपान, मद्यपान र लागु पदार्थ सेवन तथा छाडा संस्कृतिबाट युवाहरूलाई बचाउन, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउने उद्देश्यका साथ विदुर नगरपालिकाले नगर खेलकुद विकास समिति मार्फत विभिन्न गतिविधिहरू गर्नको लागि आगमी दिनहरूमा अझ व्यवस्थित रूपमा कार्यक्रम संचालन गर्न आवश्यक नीति नियमको व्यवस्था गर्न वाञ्छनीय भएको हुँदा विदुर नगरपालिका नगर खेलकुद सम्बन्धी कार्यविधि २०७७ बनाइएको छ ।

## परिच्छेद—१

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम “विदुर नगरपालिका, नगर खेलकुद सम्बन्धी कार्यविधि २०७७ रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंग्ले अको अर्थ नलागेमा यस कार्यविधिमा,—

२.१ ‘‘कार्यविधि’’ भन्नाले“ विदुर नगरपालिका, नगर खेलकुद सम्बन्धिको कार्यविधि २०७७” भन्ने सम्झनुपर्छ ।

२.२ "प्रमुख" भन्नाले विदुर नगरपालिकाका नगर प्रमुखलाइ सम्झनु पर्छ।

२.३ "कार्यपालिका" भन्नाले विदुर नगरपालिकाको नगर कार्यपालिकालाइ सम्झनुपर्छ ।

२.२ ‘‘खेलकुद समिति’’ भन्नाले विदुर नगरपालिकावाट गठित खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ ।

२.३ ''नगर खेलकुद विकास समिति'' भन्नाले विदुर नगरपालिकाबाट गठित नगर खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ ।

२.४ ''टिम, क्लब, संघ, संस्था'' भन्नाले विदुर नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका विदुर नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरू भन्ने सम्झनु पर्छ ।

२.५ ''खेलाडी'' भन्नाले टिम, क्लव संघसंस्था सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ ।

२.६ ''प्रशिक्षार्थी'' भन्नाले विदुर नगरपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव संघ संस्थामा सम्बद्ध सिकारू खेलाडी भन्ने सम्झनु पर्छ ।

२.७ ''प्रशिक्षक'' भन्नाले विदुर नगरपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

२.८ ''प्रशिक्षण समिति'' भन्नाले नगर खेलकुद विकास समिति अन्तर्गत विदुर नगरपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागी गठित समिति भन्ने सम्झनु पर्छ ।

२.९ ''खेलकुद विकास कोष'' भन्नाले विदुर नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

२.१० ''खेलाडी विवरण'' भन्नाले टिम, क्लब, संघ संस्थाहरूले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध भनि प्रमाणित गरी नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

२.११. ''खेलकुद पदाधिकारी'' भन्नाले खेलकुद सम्बद्ध समिति, उपसमितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद –२

**नगर खेलकुद विकास समितिका उद्‌देश्यहरु**

३.१ नगरको कला, संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा वृद्धी खेलकुदको माध्यमले सहयेग पुर्याउने,

३.२ नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग् गर्ने,

३.३ स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, रिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,

३.४ टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।

३.५ खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

३.६. खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

३.७ खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

३.८ खेलकुद गतिविधिहरूलाई संस्थागत रूपमा विकास गर्दै लैजाने,

३.९ बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुदको व्यवस्था गर्न सहयोग पुर्याउने,

३.१० विदुर नगरपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

३.११ टिम, क्लब, संघ संस्था, विषयगत खेल शिक्षण समिति, वडास्तरीय खेलकुद उपसमितिहरूको व्यवस्थापन गर्ने गराउने,

३.१२ नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद – ३

**नगर खेलकुद विकास समितिको गठन र बैठक कार्यविधि**

४. विदुर नगर शिक्षा समितिको संरक्षकत्वमा विदुर नगरपालिकामा देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

४.१ कार्यपालिकाद्वारा मनोनित कुनै एक खेलविधाका प्रशिक्षक वा खेलकुद क्लबका अध्यक् वा खेल प्रेमी– संयोजक

४.२ नगर प्रमुखद्वारा मनोनित गरेको नगरवासी खेलप्रेमी –सह-संयोजक

४.३ खेलकुदको क्षेत्रमा सक्रिय व्यक्ति, सामाजिक काममा सक्रिय समाजसेवी नगरवासी मध्ये नगर प्रमुखवाट मनोनित १ जना महिला सहित ४ जना – सदस्य

४.४ नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका शाखा प्रमुख – सदस्य सचिव

५. नगर खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

६. नगर खेलकुद विकास समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ । आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ ।

७. बैठकको संयोजकता, निर्णय कार्यान्वयनको मुख्य उत्तरदायित्व संयोजकको हुनेछ ।

८. सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने छ ।

९. बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने सदस्य सचिवको मुख्य जिम्मेवारी हुनेछ ।

१० सहसंयोजकले कार्यकारिणि कार्यको लागि संयोजकलाई प्रत्यक्षरुपमा सघाउने छन ।

१० आवश्यकता अनुसार विभिन्न खेलकुदमा जानकार व्यक्तिहरुलाई वैठकमा आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद –४

### खेलकुद प्रतियोगिता व्यवस्थापन

१०. नगर खेलकुद विकास समिति आफैले वा नगरपालिकामा दर्ता भएका टीम, क्लवहरू मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्ने छ ।

११. नगर खेलकुद विकास समिति आफै वा नगरभित्रका टीम, क्लव मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टीमसंग् मैत्रीपुर्ण खेलकुदको आयोजना गर्ने, गराउन सक्नेछ ।

१२. नगर खेलकुद विकास समितिले आवश्यकता अनुसार विज्ञसँग सल्लाह गर्न सक्नेछ ।

१३. नगर खेलकुद विकास समिति अन्तर्गतका प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद –५

### नगर क्षेत्रभित्रका टीम, क्लव र संघ संस्थाहको दर्ता र व्यवस्थापन

१४. विदुर नगरपालिका भित्रका टीम, क्लव, समिति र संस्था आदिले नगर खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा तोकिएको शुल्क वुझाइ आवद्ध हुनु पर्नेछ । साथै हरेक आर्थिक वर्षको पहिलो महिनामा आवद्धता अध्यावधिक समेत गर्नुपर्नेछ । खेलकुद विकास समितिको वैठकले आवद्धता शुल्क सिफारिस गर्नेछ । उक्त शुल्क नगर कार्यपालिकाको निर्णयानुसार लागु हुने छ । तर कुनै खेल विशेषको लागि समितिले तोक्न सक्ने छ ।

१५. आवद्ध भएका टीम, क्लव, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि नगर खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१६. आवद्धता गर्नु भन्दा पहिले नगर खेलकुद विकास समितिबाट सम्बन्धित ठाँउमा निरीक्षण गर्न सक्नेछ ।

१७. नगरपालिकाले नगर खेलकुद विकास समितिमा आवद्ध भएका टीम, क्लव, संघ, संस्थाहरूले नगर खेलकुद विकास समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग

माग गरेको खण्डमा आयोजक समितिलाई १५ हजारसम्म आर्थिक सहयोगको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

१७.१ नगर खेलकुद विकास समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद उपसमिति गठन गर्न प्राथमिकता दिइने छ ।

१७.१.१ वडा स्तरीय खेलकुद उपसमितिको देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी गठन हुनुपर्नेछ ।

(क) वडा समितिबाट मनोनित वडा सदस्य मध्येबाट –वडा संयोजक

(ख) खेलकुदको क्षेत्रमा सक्रिय व्यक्ति, सामाजिक काममा सक्रिय समाजसेवी वडावासी मध्ये वडा समितिवाट मनोनित १ जना महिला सहित ३ जना – सदस्य

(ग) वडा सचिव -सदस्य सचिव

यस उपसमितिको पदावधी नगर खेलकुद विकास समिति समाप्त भए पश्चात स्वतः समाप्त हुनेछ र अर्को नगर खेलकुद विकास समिति गठन भएपछि पुनः गठन गर्नुपर्नेछ ।

६. वडा खेलकुद उप समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । बैठकमा नगर खेलकुद विकास समितिको कम्तिमा एक जना पदाधिकारी/सदस्यको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

७. बैठकको संयोजकता, निर्णय कार्यान्वयनको मुख्य उत्तरदायित्व संयोजकको हुनेछ ।

८. सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने छ ।

९. बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने सदस्य सचिवको मुख्य जिम्मेवारी हुनेछ ।

१० बैठकमा आमन्त्रित नगर खेलकुद विकास समितिका पदाधिकारी/सदस्यले उपसमितिको बैठकलाई प्रत्यक्षरुपमा सहजिकरण गर्नेछन ।

१० आवश्यकता अनुसार विभिन्न खेलकुदमा जानकार व्यक्तिहरुलाई वैठकमा आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद –६

### खेलकुद गेष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१८. नगरपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक र टिमहरूलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

१९. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरूमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२१. विदुर नगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको र्याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद –७

### खेलकुद प्रतियोगितामा व्यवस्थापन

२२. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा विदुर नगरपालिका टीम, क्लब, संघ संस्था वा विद्यालय कलेजलाई सहभागी गराउन सक्नेछ ।

२३. नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सुविधाकोलागि सिफारिस गर्न सक्नेछ ।

२४. खेल पर्यटक अभिबृद्धीको साथै नगरको पहिचान बढाउन नगर भित्र हुने राष्ट्रपति रनिङ शिल्ड लगायत विभन्न खेलकुदको आयोजना एवं संयोजन गर्नेछ ।

## परिच्छेद –८

### तालिम तथा प्रशिक्षण व्यवस्थापन

२४. विदुर नगरपालिकाले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नको लागि आवश्यकता अनुसार विभिन्न खेलहरूको तालिम र प्रशिक्षण दिनेछ ।

२५. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद विकास समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस सहित आवेदन दिनु पर्नेछ ।

## परिच्छेद –९

### नगर खेलकुद विकास कोषको व्यवस्था

३६. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि विदुर नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३७. कोषका श्रोतहरू देहाय बमोजिम हुनेछन् ।

३७.१ नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति र राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्ति/संस्थाबाट प्राप्त हुन सक्ने रकम,

३७.२ विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

३७.३. खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

३७.४ नगरभित्रका टीम, क्लव आवद्धता आवेदन शुल्क, अध्यावधिक शुल्क, फाराम शुल्क,

३७.५ नगरपालिकाले खेलकुदको लागि विनियोजन गरेको रकम ।

३८. यस कोषको संचालन नगर खेलकुद विकास समितिद्वारा तयार गरी विदुर नगर कार्यपालिकाद्वारा अनुमोदन गरे बमोजिम हुनेछ ।

## परिच्छेद –१०

### निर्माण तथा मर्मत

४०. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४१. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा नगर खेलकुद विकास समितिको सदस्य-सचिवको माग अनुसार समितिको सिफारिसमा नगरपालिकाले मर्मत संभार गर्नेछ ।

४२. खेलकुद भवन, मैदान आदिको व्यवस्था गर्न वडा खेलकुद उपसमितिले नगर खेलकुद विकास समिति मार्फत विदुर नगरपालिकालाई अनुरोध गर्नेछ ।

## परिच्छेद –११

**विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था**

४३. नगर शिक्षा समिति अन्तर्गत नगर खेलकुद विकास समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग् गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गर्न सकिने छ ।

४३.२ यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

४३.३ यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

४३.४ प्रशिक्षणको लागि आवश्यक निमार्णका लागी भौतिक एवं आर्थिक सहयोग जुटाउन मद्दत गर्नेछ ।

४३.५ प्रशिक्षण केन्द्रबाट संचालन हुने प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

## परिच्छेद –१२

**अनुशासनको कार्वाही, दण्ड, सजाय र पुरस्कार**

४४. अनुशासनको कार्वाही खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा, देहाय बमोजिमको आचरण वा कार्य गरेमा प्रशिक्षण समितिको निर्णय अनुसार अनुशासनको कार्वाही गर्नसक्नेछ ।

४४.१ नगर खेलकुद विकास समिति र त्यस अन्तर्गतका समिति, उपसमितिको बदनाम (अहित) हुने कार्य गरेमा ।

४४.२ समितिको नीति, नियम, निर्देशन र निर्णय विपरित कार्य गरेमा ।

४४.३ गोप्यता भंग गरेमा ।

४४.४ अनैतिक कार्यमा संलग्न रहेको जानकारी पाएमा ।

४४.५ अनुमति विना अन्य संस्थासँग संलग्न रही खेलकुद कृयाकलाप गरेमा ।

## परिच्छेद –१३

### विविध

४५. नगर खेलकुद विकास समितिबाट प्रशिक्षण र प्रतियोगिता संचालन गर्ने कुनै विशेष सामान, भवन र जग्गा भाडामा लिन सक्नेछ । तर सो भाडाको लाग्ने रकम सुनिश्चित भएको हुनु पर्ने छ ।

४६. प्रशिक्षक र प्रतियोगिता समयमा कुनै खेलाडीलाई सामान्य चोटपटक भएमा नगर खेलकुद विकास समितिको कोषबाट खर्च गरिनेछ । तर सख्त बिरामी, चोटपटक भएमा नगर कार्यपालिकाको निर्णय अनुसार औषधी उपचार गराईने छ । निर्णयभन्दा बढी रकम खर्च गर्नुपरेमा खेलाडी स्वयं जिम्मेवारी हुनेछ ।

४७. कुनै पनि नीति नियम वा यस अन्तरगत आर्थिक सहयोग, सुविधा तथा शुल्कको सवालमा समय र परिस्थिति अनुसार थपघट वा संसोधन गर्नु परेमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको वैठकले आवश्यक निर्णय गर्न सकिनेछ ।

४८. खेलकुद प्रतियोगिताको सिलसिलामा कुनै खेलाडी प्रशिक्षक वा व्यवस्थापक घाइते भई शरीरको कुनै अङ्ग अपाङ्ग भएमा वा त्यस्ता व्यक्तिको परिवारलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग् गर्न नगर कार्यपालिकामा सिफारिस गर्नेछ । खेलकुद प्रतियोगितामा भाग लिने प्रशिक्षक, खेलाडी र व्यवस्थापकको आवधिक विमाको व्यवस्था नगर खेलकुद विकास समितिले आफ्नै कोष मार्फत समेत गर्ने सक्नेछ ।

४९. यस कार्यविधिलाइ आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः २०७७।०९।०५

आज्ञाले
दिवाकर चापागाई
प्रमुख प्रशासकीय अधिकृत